नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
रुपन्देही

फोनः ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :- २०८३/०८४
चलानी नं. :-

## न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्न चाहने सहकारी संस्थाहरुलाई सूचिकृत सम्बन्धी सूचना

सूचना नं. २३/२०८३/८४

सूचना प्रकाशित मितिः २०८३/०६/१६

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम व्यवस्थापन एकाइ, खुमलटारको मिति २०८३/०५/०९ गते राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८३/०२/११ को निर्णयानुसार चालु आ.व. २०८३/८४ को लागि मोटा धानको प्रति क्वीन्टल रु ३६६०/- र मध्यम धानको प्रति क्वीन्टल रु ३८६०/- न्यूनतम समर्थन मूल्य तोकिएकाले रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला भित्रका इन्छुक सहकारी संस्थाहरुले नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०७/०४ को निर्णयबाट स्वीकृत "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७" मा भएको प्रावधान बमोजिम निर्देशिकामा उल्लेखित तपसिल अनुसारका आवश्यक विवरण र कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र मिति २०८३/०६/३० सम्म यस कार्यालयमा सूचिकृत हुनको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

१. रितपूर्वक सहितको सूचिकृत निवेदन।
२. सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी।
३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।
४. सहकारी संस्थाको आधिकारीक व्यक्तिको नागरिकताको प्रतिलिपी।
५. सहकारी संस्थाको कार्यक्षेत्र, शेयर पूँजी, कारोबार रकम र पछिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन।
६. खरिद गर्न चाहेको धानको परिमाण र किसिम ।
७. धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरि इच्छुक क्षेत्र।
८. धान खरिदका लागि आवश्यक रकमको स्रोतको विवरण।
९. खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण।
१०. धान खरिद, ढुवानी, भण्डारण प्रशोधन एवम् बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण।
११. धान खरिद बिक्रिको लागि आवश्यक अन्य विवरण।

थप जानकारीको लागि कार्यक्रमको **Website: piurupandehi.pmamp.gov.np** फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०५३३९१ मा सम्पर्क राख्नु हुन अनुरोध छ।

०८३/०६/१६

सालीकराम पौडेल
वरिष्ठ कृषि अधिकृत